# क्लब फुट : पोन्सेटी व्यवस्थापन

## इग्नासियो पोन्सेटी



पोन्सेटी व्यवस्थापन सबै देश र संस्कृतीहरुलाई उपयुक्त छ किनभने उपचार पछि जीवनभर बच्चाका गोडाहरु बलिया, लचकदार र दुखाई मुक्त रहन्छन् । अझ यो उपचार सस्तोमा विना शल्यक्रिया गरिन्छ ।

## क्लब फुट सुधारका सिद्धान्तहरु



अधिकांश शिशुहरुको क्लब फुटको विकृतिको सुधार गर्न केही हप्ताको लगातार गोडा चलाउने र प्लास्टर फेर्ने प्रक्रियाबाट पुरा गर्न सकिन्छ । यस्ता सुधारहरु अनेक चरणमा गरिन्छ ।

## क्याभस (cavus) को सुधार




माथिको तस्बिरमा उपचार नगरिएको गोडाको क्याभस (cavus) विकृति देखाइएको छ [क] । यसको सुधारको लागि गोडालाई सुपिनेसन (supination) गर्नुपर्छ [ख र ग मा सेतो तीरले देखाए जस्तै] ।

## एड्क्टस् (adductus) र भ्यारस (varus) को सुधार




ख्याल गर्नुहोस्, एड्क्टस् (adductus) [क] र भ्यारस (varus) [ख] को सुधार गर्न ट्यालस (talus) को टाउकोको सहारामा गोडालाई इभर्ट (evert) र एब्ड़कट (abduct) गरिन्छ ।

## प्लास्टर लगाउने तरिका







अंग्रेजी को "J" आकारका प्लास्टरहरु र गोडाको अवस्था




माथिको तस्वीरमा देखाइए झैं गोडा चलाएर भएको सुधारलाई कायम राख्नको लागि चरणबद्ध रुपमा एक पछि अर्को लामो प्लास्टरहरु लगाउनु पर्छ [क - झ] । विभिन्न चरणका प्लास्टरको स्वरूप र गोडाको सुधार तस्बिर 'ञ' मा देखाइएको छ ।

## प्लास्टर निकाल्ने तरिका




अर्को पटक गोडा चलाउने र प्लास्टर लगाउने केहि समय अगाडि मात्र प्लास्टर निकाल्नु पर्छ । प्लास्टर काट्ने मेशिनको चर्को आवाजले बच्चा नतार्सियोस भन्नको लागि, प्लास्टरलाई पानीमा राखेर राम्ररी भिजाइसके पछि, प्लास्टर काट्ने चक्कुको मद्दतले प्लास्टर काट्नु पर्छ ।

## कुर्कुच्चाको हड्डीसँग जोड्ने तन्तुलाई ( heel-cord ) लम्बाउने




प्राय सबै शिशुहरुको कुर्कुच्चाको हड्डीसँग जोड्ने तन्तुलाई छालाबाट शल्यक्रिया गरी लुम्ब्याउनु पर्छ । लोकल अनेस्थेसियाको प्रयोग गरेर यो शल्यक्रिया गर्नु पर्छ [क - ] । गोडालाई डोर्सीफ्लेक्सन (dorsiflexon) मा राखेर अन्तिम प्लास्टर लगाउनु पर्छ [च] । माथि तस्विर 'छ' मा पूर्ण रुपमा सुधार भएको गोडा देखाइएको छ ।

## गोडाको काम्रो (ब्रेस) लगाउन




गोडाको सुधार गरिसके पछि क्लब फुटको पुनरावृति रोक्नको लागि गोडामा काम्रो (ब्रेस) राख्न जरुरी छ । केहि प्रभावकारी काम्रो (ब्रेस) हरुको नमुना माथि तस्विरमा देखाइएको छ: डेनिस ब्राउन[क], स्टिनबेक[ख], लायोन[ग], र गटेनबर्ग[घ]।

GLOBAL HELP

यो पोष्टर लिन इस्टाहेली (Lynn Staheli) ले बनाउनु भएको र डा. इग्नालसयो पोन्सेटी (Dr. Ignacio Ponseti) ले अनुमोदन गर्नु भएको हो ।

यो पोष्टरको नेपाली अनुवाद डा. सुमेश खनाल (Dr. Sumesh Khanal) र डा. भाष्कर राज पन्त (Dr. Bhaskar Raj Pant) ले गर्नु भएको हो ।

यो Global HELP को प्रकाशन हो । अरु प्रकाशनहरुको लागि हाम्रो वेबसाइटमा हेर्नुहोला : www.global-help.org

9 781601 891556 >